आज मिति २०७९ साल भाद्र ३१ गते सोमबार दिनको ११:०० बजे पिपरा गाँउपालिकाको अध्यक्ष श्री रामजानकी यादव ज्युको अध्यक्षतामा कार्यपालिका बैठक बसी निम्न बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा तपशिलमा उल्लेखित प्रस्तावहरु माथि छलफल गरियो ।

उपस्थिति

| क.स. | पद | नम पर | हस्ताक्षर |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री रामजानकी यादव | रामजानकी यादव |
| २ | उपाध्यक्ष | श्री वन्दना पाण्डेय | |
| ३ | वडा अध्यक्ष (१) | श्री राजेश कुमार दास | |
| ४ | वडा अध्यक्ष (२) | श्री संजित कुमार यादव | |
| ५ | वडा अध्यक्ष (३) | श्री किशोरी अधिकारी | |
| ६ | वडा अध्यक्ष (४) | श्री विदेही पासवान | |
| ७ | वडा अध्यक्ष (५) | श्री हरिशंकर प्रसाद यादव | |
| ८ | वडा अध्यक्ष (६) | श्री अरुण पुर्वे | |
| ९ | वडा अध्यक्ष (७) | श्री मधुबेन्द्र झा | |
| १० | कार्यपालिका सदस्य | श्री रिता देवी | |
| ११ | कार्यपालिका सदस्य | श्री रामसखी देवी | रामसखी |
| १२ | कार्यपालिका सदस्य | श्री लिलम देवी | लिलम |
| १३ | कार्यपालिका सदस्य | श्री शोभा देवी | शोभा देवी |
| १४ | कार्यपालिका सदस्य | श्री धिरेन्द्र महतो | धिरेन्द्र |
| १५ | कार्यपालिका सदस्य | श्री राजकिशोर भण्डारी | राजकिशोर भण्डारी |
| १६ | प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव | श्री राम प्रबीध ठाकुर | |

कर्मचारी

१ श्री राजिव कुमार झा सूचना प्रबिधि अधिकृत

CS CamScanner

प्रस्तावहरु :

१ कृषि विद्युतीकरण सम्बन्धमा ।

२ पोखरी ठेक्का सम्बन्धमा ।

३ मधेश प्रदेश सरकारको बजेट सम्बन्धमा ।

४ कर्मचारी व्यस्थापन सम्बन्धमा।

५ सार्बजनिक साम्पतिहरुको अभिलेख तथा संरक्षण सम्बन्धमा ।

निर्णयहरु :

१.प्रस्ताब नं.१ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत सम्पूर्ण वडाहरुमा कृषि सिचाईको लागि नेपाल बिद्युत प्राधिकरणले बिद्युत लाईन विस्तार गरि ट्रान्सफर्मर जडान गर्ने र त्यसमा एउटा मात्र मुख्य मिटर जडान गरि सिचाई प्रयोजनमा प्रयोग हुने सम्पूर्ण बिद्युत महशुल यस गाउँपालिकाले तिर्ने गरि सिचाई प्रयोजनका लागि बिद्युतिय पूर्वाधार निर्माण गर्न नेपाल बिद्युत प्राधिकरण संग मांग गर्ने निर्णय सर्वसम्मतिबाट पारित गरियो ।

२. प्रस्ताब नं.२ माथि छलफल गर्दा साबिकमा पोखरी ठिक्क लिई भोगचलन गर्दै आइरहेका ठेक्केदारले विभिन्न कारण देखाई बाकी रहेको अबधिको ठेक्का चलन गर्न नसकी ठेक्का रद्द गरि पाउ भनि दिएको निबेदनको सन्दर्भमा सम्बन्धित ठेकेदारले भोगचलन गरेको अवधिको रकम चुक्ता गराई ठेक्का रद्द गरि नयाँ ठेक्का लगाउने निर्णय गरियो ।

३. प्रस्ताव नं.३ माथि छलफल गर्दा यस पालिका र मधेश प्रदेश मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय र सामाजिक विकास मन्त्रालय बाट समेत यस पालिकाको भोल्ही पोखरी सौन्दरिकरण ,वौधिमहरानी सौन्दरिकरण,रा.ना मा.बि. पिपराको स्तर उन्नतिको लागि बजेट छुट्याएको हुनाले उक्त निकायबाट सो योजनाहरुको लागि छुट्याएको बजेट यस पालिकामा पठाईदिन पत्राचार गरि बजेट प्राप्त हुनसाथ पालिकाबाट एकिकृत रुपमा योजना संचालन गर्ने निर्णय गरियो ।

४. प्रस्ताव नं.४ माथि छलफल गर्दा यस पालिका अन्तर्गत वडाहरुको दैनिक प्रशासनिक कार्यलाई ब्यबस्थित गर्न तपशिल बमोजिमको कर्मचारीलाई देहायमा उल्लेखित वडा कार्यालय तथा विषयगत शाखाहरुमा अर्को व्यवस्था नहुन्जेल सम्म कामकाज गर्न काजमा खटाउने निर्णय गरियो ।

| सि.नं. | नाम थर | पद | खटाएको कार्यालय |
|---|---|---|---|
| १ | मणि ठाकुर | अधिकृत छैठौं | वडा नं.७ को कार्यालय ,बनौली |
| २ | शान्ति मिश्र | सहायक पाचौं | कृषि तथा पशु सेवा केन्द्र ,पिपरा |
| ३ | संजित यादव | सब इन्जिनियर | वडा नं.१ को कार्यालय ,एकरहिया |
| ४ | रामपुजन यादव | कम्प्युटर अपरेटर | वडा नं.६ को कार्यलय,रतौली |
| ५ | हरिबोल मण्डल | सहायक चौथौ | वडा नं.२ को कार्यलय ,अतराढ |
| ६ | अरुण ठाकुर | सहायक चौथौ | गाउँकार्यपालिकाको कार्यालय |

५. प्रस्ताव नं.५ माथि छलफल गर्दा यस पालिका अन्तर्गत रहेको सम्पूर्ण सार्वजनिक सम्पतिहरु(जग्गा, पोखरी ,बगैचाई ,मठमन्दिर आदि)को देखरेख तथा संरक्षण गर्ने अधिकार यस गाउँपालिकालाई भएको हुदा त्यस्ता सम्पतिहरुको अभिलेख नापी/मालपोत कार्यालयवाट मगाई वडागात अभिलेख सुरक्षित राखे निर्णय गरियो ।

निर्णय न-४ मा असहमती रहेको